गुराँस राजपत्र

गुराँस गाउँपालिकाद्धारा प्रकाशित

खण्डः १० संख्याः २२ मितिः २०८३।०५।१६

भागः २

गुराँस गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# एक व्यवसायिक कृषक, एक सिँचाई पोखरी कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले एक व्यवसायिक कृषक, एक सिँचाई पोखरी कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ जारी गरेको छ ।

# गुराँस गाउँपालिका

## एक व्यवसायिक कृषक, एक सिँचाई पोखरी कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०५/१०
प्रमाणीकरण मितिः २०८३/०५/१५

**प्रस्तावना:**

गुराँस गाउँपालिकाको कृषि भूमिमा वर्षैभरि सिँचाइ सुविधा पुऱ्याई कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने, परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक, आधुनिक र बजारीकरणतर्फ रूपान्तरण गर्ने उद्देश्यले;

वर्षातको पानी सङ्कलन (Rainwater Harvesting), पक्कि सिँचाइ पोखरी तथा आकाशे पानी पुनर्भरण (Groundwater Recharge) जस्ता प्रविधिको माध्यमबाट "एक व्यावसायिक कृषक, एक सिँचाइ पोखरी" कार्यक्रम सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ एवं दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

### परिच्छेद – १: प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम **"गुराँस गाउँपालिका एक व्यावसायिक कृषक, एक सिँचाइ पोखरी कार्यक्रम सञ्चालन कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि गुराँस राजपत्रमा प्रकाशन भएको मितिदेखि गुराँस गाउँपालिकाका सम्पूर्ण वडाहरूमा लागू हुनेछ।

**२. परिभाषा:**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

१. **"गाउँपालिका"** भन्नाले गुराँस गाउँपालिका, दैलेख सम्झनु पर्छ।

२. **"कार्यपालिका"** भन्नाले गुराँस गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ।

३. **"कृषि विकास शाखा"** भन्नाले गुराँस गाउँपालिकाको कृषि विकास शाखा सम्झनु पर्छ।

४. **"पूर्वाधार विकास शाखा"** भन्नाले गुराँस गाउँपालिकाको पूर्वाधार विकास शाखा सम्झनु पर्छ।

५. **“योजना शाखा”** भन्नाले गुराँस गाउँपालिकाको योजना तथा अनुगमन शाखा सम्झनु पर्छ।

६. **"व्यावसायिक कृषक"** भन्नाले कम्तिमा ३ रोपनी (वा पहाडी खण्डमा तोकिएको क्षेत्रफल) मा व्यावसायिक तरकारी, फलफूल वा नगदे बाली खेती गर्ने वा गर्न प्रतिबद्धता जनाएको कृषक, कृषि फर्म, कृषक समूह वा सहकारी सम्झनु पर्छ।

७. **"सिँचाइ पोखरी"** भन्नाले आकाशे पानी, मुहान वा साना खोलाको पानी सङ्कलन गर्न निर्माण गरिने पक्की आर.सि.सि./मिसनरी पोखरी (Concrete Pond), वा माटोको पोखरी (Earthen Pond) सम्झनु पर्छ।

८. **"अनुदान"** भन्नाले सिँचाइ पोखरी निर्माण तथा प्रविधि हस्तान्तरणका लागि गाउँपालिकाले स्वीकृत मापदण्ड अनुसार उपलब्ध गराउने आर्थिक वा भौतिक सहजीकरण/सहयोग सम्झनु पर्छ।

## परिच्छेद – २: कार्यक्रमको उद्देश्य, क्षेत्र र लक्षित वर्ग

### ३. उद्देश्यहरू:

१. वर्षातको समयमा खेर जाने पानी तथा हिउँदे साना मुहानको पानी सङ्कलन गरी सुक्खा याममा उपयोग गर्ने।
२. बेमौसमी तथा मौसमी तरकारी खेती, फलफूल खेती र नगदे बालीको उत्पादन वृद्धि गरी कृषकको आयआर्जन बढाउने।
३. थोपा सिँचाइ (Drip Irrigation) तथा फोहोरा सिँचाइ (Sprinkler) प्रविधिलाई सिँचाइ पोखरीसँग जोडी पानीको दक्षतापूर्ण प्रयोग (Water Use Efficiency) प्रवर्द्धन गर्ने।
४. साना र साना-मध्यम कृषकहरूलाई व्यावसायिक खेतीतर्फ आकर्षित गरी पालिकाभित्र रोजगारी सिर्जना गर्ने।
५. उच्च मूल्य जाने बाली (High-value crops) को प्रवर्धन गर्नु।

### ४. कार्यक्रमको कार्यक्षेत्र:

यो कार्यक्रम गुराँस गाउँपालिकाका सम्पूर्ण १ देखि ८ नम्बर वडाहरूमा लागू हुनेछ। विशेष गरी सिँचाइको पहुँच कम भएका, तर व्यावसायिक कृषि (तरकारी, फलफूल, नर्सरी) को उच्च सम्भावना रहेका क्षेत्रहरूलाई प्राथमिकता दिइनेछ।

### ५. लक्षित वर्ग:

- व्यक्तिगत व्यावसायिक कृषक
- दर्तावाल कृषि फर्म वा कम्पनी
- सूचीकृत कृषक समूह (Farmers Group)
- कृषि सहकारी संस्था (Agricultural Cooperatives)

**६. कृषक छनोटका आधार तथा योग्यता**

यस कार्यक्रममा सहभागी हुन कृषक वा कृषि फर्मले देहायका शर्तहरू पूरा गरेको हुनुपर्नेछ:

१. पालिकाभित्रको स्थायी बासिन्दा वा दर्ता भई सञ्चालनमा रहेको कृषि फर्म/सहकारी/कृषक समूह।

२. कृषकको आफ्नै नाममा वा कम्तीमा ५/१० वर्षको सम्झौता (लीज) मा लिइएको जग्गा हुनुपर्ने।

३. पोखरी निर्माणका लागि उपयुक्त र पर्याप्त जग्गा उपलब्ध हुनुपर्ने।

४. कम्तीमा [उदा: ३ रोपनी / ५ कट्ठा] जग्गामा व्यावसायिक खेती गरिएको वा गर्ने प्रतिवद्धता भएको।

५. विगतमा सोही प्रकृतिको अनुदान अन्य निकायबाट नलिएको।

## परिच्छेद – ३: सिँचाइ पोखरीको वर्गीकरण, मापदण्ड र अनुदानको सीमा

गाउँपालिकाले तोकेको प्राविधिक ढाँचा र बजेट सिलिङ अनुसार सिँचाइ पोखरीलाई निम्न अनुसार वर्गीकरण गरी अनुदान उपलब्ध गराइनेछ:

**७. पोखरीको प्रकार र न्यूनतम प्राविधिक मापदण्ड:**

| **क्र.स.** | **पोखरीको प्रकार** | **न्यूनतम क्षमता (घनमिटर / लिटर)** | **सिँचाइ हुने न्यूनतम क्षेत्रफल** | **निर्माणको प्रकृति** |
|---|---|---|---|---|
| १ | **प्रकार 'क': सिलपोलीन/प्लास्टिक पोखरी (सिट क्षमता २५०+ जीएसएम)** | २० घनमिटर (२०,००० लिटर) | १ देखि २ रोपनी | खनेको खाडलमा प्लास्टिक ओछ्याएर बनाइने पोखरी |
| २ | **प्रकार 'ख': पक्का पोखरी (RCC/Brick/PCC Structure)** | ३० घनमिटर (३०,००० लिटर) | २ देखि ४ रोपनी | सिमेन्ट, गिट्टी, इट्टा वा ढुङ्गाको गारा प्रयोग गरी बनाइने |

| क्र.स. | पोखरीको प्रकार | न्यूनतम क्षमता (घनमिटर / लिटर) | सिँचाइ हुने न्यूनतम क्षेत्रफल | निर्माणको प्रकृति |
|---|---|---|---|---|
| ३ | **प्रकार 'ग': सामुदायिक/समूहगत ठूलो सिँचाइ पोखरी** | ५०+ घनमिटर (५०,००० लिटर भन्दा माथि) | ५ रोपनी भन्दा माथि | २ वा सोभन्दा बढी कृषक मिलेर बनाइने पोखरी |

क्र. सं. २ र ३ लाई मात्र अनुदान कार्यक्रम उपलब्ध गराइनेछ ।

**८. लागत सहभागिता र अनुदानको सीमा:**

१. **गाउँपालिकाको अनुदान:** स्वीकृत लागत अनुमान (Cost Estimate) को **अधिकतम ८५ प्रतिशत** सम्म अनुदान रकम गाउँपालिकाले व्यहोर्नेछ।

२. **कृषकको लागत सहभागिता:** कुल लागतको **न्यूनतम १५ प्रतिशत** रकम (श्रमदान वा नगद) सम्बन्धित कृषक, समूह वा फर्मले व्यहोर्नुपर्नेछ।

३. **अधिकतम अनुदान सीमा:**

- प्लास्टिक पोखरीको लागि: अधिकतम रु. ५०,०००/- सम्म
- पक्का पोखरीको लागि: अधिकतम रु. १,००,०००/- सम्म
- सामुदायिक/समूहगत पोखरीको लागि: अधिकतम रु. १,५०,०००/- सम्म

## परिच्छेद – ४: कृषक छनोटका आधार र प्रक्रिया

**९. कृषक/लाभार्थी छनोटका प्राथमिकताका आधारहरू:**

१. **जग्गाको उपलब्धता:** कम्तिमा ३ रोपनी जग्गामा व्यावसायिक तरकारी वा फलफूल खेती गरिरहेको वा गर्न सक्ने लालपुर्जा/भाडा सम्झौता भएको।

२. **पानीको स्रोत:** आकाशे पानी सङ्कलन गर्न सकिने छाना/भेल वा नजिकै सानो मुहान/खोला भएको।

३. **समानुपातिक/समावेशी प्रतिनिधित्व:** महिला, दलित, विपन्न, अपाङ्गता भएका व्यक्ति वा वैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई प्राथमिकता दिइने।

४. **बालीको प्रकृति:** बेमौसमी तरकारी, टनेल खेती, हाइ-भ्यालु क्रप्स (High-value Crops) र नर्सरी सञ्चालकहरू।

**१०. कार्यक्रम कार्यान्वयन प्रक्रिया:**

[सार्वजनिक सूचना प्रकाशन (गाउँपालिका/वडा)]

│

▼

[कृषक/समूहबाट वडा कार्यालयमा आवेदन दर्ता]

│

▼

[वडा स्तरीय प्रारम्भिक सिफारिस तथा अनुगमन]

│

▼

[कृषि विकास तथा पूर्वाधार शाखाद्वारा प्राविधिक स्थलगत सम्भाव्यता अध्ययन]

│

▼

[आर्थिक विकास समितिद्वारा मूल्यांकन]

│

▼

[कार्यपालिकाद्वारा अन्तिम स्वीकृत तथा सम्झौता]

│

▼

[कार्यक्रम कार्यान्वयन]

|

▼

[अनुगमन प्रतिवेदन तथा भुक्तानी]

१. **सूचना प्रकाशन:** गाउँपालिकाले १५ दिनको म्याद दिई अनुसूची-१ बमोजिमको सार्वजनिक सूचना (वेबसाइट, सूचनापाटी, वडा कार्यालय) मार्फत आवेदन आह्वान गर्नेछ।

२. **आवेदन दर्ता:** इच्छुक कृषकले अनुसूची-२ बमोजिमको ढाँचामा आवश्यक कागजात (नागरिकताको प्रतिलिपि, जग्गाधनी प्रमाणपूर्जा वा भाडा सम्झौता, वडाको सिफारिस) सहित वडा कार्यालय वा कृषि शाखामा आवेदन दिनुपर्नेछ।

३. **स्थलगत अध्ययन:** प्राप्त आवेदनहरूमाथि कृषि विकास तथा पूर्वाधार विकास शाखाका प्राविधिकहरूले स्थलगत सम्भाव्यता अध्ययन (Feasibility Study) गरी प्रतिवेदन तयार गर्नेछन्।

४. **आवेदनको मूल्यांकन**: प्राविधिक प्रतिवेदनका आधारमा आर्थिक विकास समितिले आवेदकको मूल्यांकन र छनौटका लागि कार्यपालिकामा सिफारिश गर्नेछ ।

५. **अन्तिम स्वीकृत:** आर्थिक विकास समितिको सिफारिशका आधारमा गाउँ कार्यपालिकाले कृषक/समूहको अन्तिम सूची स्वीकृत गरी सम्झौताका लागि आह्वान गर्नेछ।

**६. निर्माण तथा भुक्तानी:** पोखरी निर्माण कार्य बोलपत्र विधिबाट हुनेछ । पोखरी निर्माण सम्पन्न भएपछि प्राविधिक नापजाँच र अनुगमन समितिको सिफारिसका आधारमा बैंक खातामार्फत अनुदान रकम भुक्तानी गरिनेछ।

## परिच्छेद – ५: संस्थागत व्यवस्था र जिम्मेवारी

### १०. गाउँपालिका स्तरीय कार्यक्रम कार्यान्वयन तथा अनुगमन समिति:

- **संयोजक:** गाउँपालिका उपाध्यक्ष
- **सदस्य:** संयोजक, आर्थिक विकास समिति
- **सदस्य:** सम्बन्धित वडाका वडा अध्यक्ष
- **सदस्य:** पूर्वाधार विकास शाखा प्रमुख
- **सदस्य-सचिव:** कृषि विकास शाखा प्रमुख

**समितिको काम, कर्तव्य र अधिकार:**

१. पोखरी निर्माण कार्यको अनुगमन, गुणस्तर परीक्षण र मूल्याङ्कन गर्ने।

२. कार्यक्रम सञ्चालनमा आएका बाधा-अड्काउ फुकाउने।

**११. कृषि विकास र पूर्वाधार शाखाको जिम्मेवारी:**

**कृषि विकास शाखा**ः

१. कृषकहरूलाई पोखरी निर्माण तथा थोपा/फोहोरा सिँचाइ प्रविधि प्रयोगबारे प्राविधिक तालिम एवं परामर्श दिने।
२. आर्थिक विकास समितिको सचिवालयका रुपमा काम गर्ने ।

**पूर्वाधार विकास शाखा**ः

१. सिँचाइ पोखरीको मानक डिजाइन, नक्सा र लागत अनुमान (Design, Drawing & Estimate) तयार गर्ने।

२. पोखरी निर्माण सम्पन्न भइसकेपछि नापजाँच (Measurement) गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने।

## परिच्छेद – ६: भुक्तानी, अनुगमन तथा दिगोपना

**१२. अनुदान भुक्तानीको प्रक्रिया:**

१. **सम्झौता:** स्वीकृत कृषक/समूहसँग गाउँपालिकाले अनुसूची-४ अनुसारको सम्झौता पत्रमा हस्ताक्षर गर्नेछ।

२. **निर्माण र निरीक्षण:** कृषकले तोकिएको समयभित्र आफ्नै वा प्राविधिकको रेखदेखमा पोखरी निर्माण कार्य सम्पन्न गर्नुपर्नेछ।

३. **प्राविधिक मूल्याङ्कन:** निर्माण सम्पन्न भएपछि पूर्वाधार विकास शाखाका प्राविधिकले नापजाँच गरी प्राविधिक मूल्याङ्कन प्रतिवेदन पेश गर्नेछन्।

४. **अनुगमन सिफारिस:** अनुगमन समितिले स्थलगत निरीक्षण गरी कार्यसम्पन्न भएको प्रमाणित गरेपछि मात्र स्वीकृत अनुदान रकम कृषकको बैंक खातामा सोझै (Direct Bank Transfer) भुक्तानी गरिनेछ।

**१३. दायित्व र दिगोपना:**

१. अनुदानमा निर्माण गरिएको सिँचाइ पोखरीको हेरचाह, मर्मतसम्भार र संरक्षण गर्ने पूर्ण दायित्व सम्बन्धित कृषक वा समूहको हुनेछ।

२. निर्माण गरिएको सिँचाइ पोखरी कम्तिमा ५ वर्षसम्म कृषि प्रयोजन बाहेक अन्य गैर-कृषि कार्यमा प्रयोग गर्न पाइने छैन।

३. यदि कुनै कृषकले अनुदान लिई पोखरी निर्माण नगरेमा वा कृषि कार्य छाडेमा भुक्तानी गरिएको रकम सरकारी बाँकी सरह (मूलधन र ब्याजसहित) असुल उपर गरिनेछ।

## परिच्छेद – ७: विविध

### १४. कार्यविधि संशोधन:

१) यस कार्यविधिमा आवश्यकता अनुसार थपघट वा संशोधन गर्नुपरेमा गाउँ कार्यपालिकाको निर्णयबाट गर्न सकिनेछ।

२) यस कार्यविधि कार्यान्वयनका क्रममा कैन बाधा उत्पन्न भएमा कार्यपालिकाले बाधा अडकाउ फुकाउनेछ ।

अनुसूची : १

प्रस्ताव आव्हानको सूचना

सूचना सूचना सूचना

प्रथम पटक प्रकाशित मिति: २०....../..../....

आ. व. ....................को स्वीकृत वार्षिक कार्यक्रम अनुसार निम्न लिखित कार्यक्रम संचालन गरिने भएकोले उक्त कार्यक्रम गर्न इच्छुक व्यवसायिक कृषक समूह/सहकारी वा निजी फार्महरूले यो सूचना प्रकाशन भएको १५ दिन सम्म कार्यालय समय भित्र तपशिल बमोजिमका कागजातहरू समावेश गरि निवेदन दर्ता गर्न हुन आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरू छनोटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

| क्र.स. | कार्यक्रम | संख्या | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

कार्यक्रममा समावेश हुनका लागि आवश्यक पर्ने कागजातहरू

**तपशिल**

- अनुसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना र अनुसूची २ अनुसारको निवेदन पत्र
- कृषक समूह/समिति/निजी/फार्मको दर्ता प्रमाण पत्र, कर चुक्ताको प्रमाण पत्र को प्रतिलिपी
- स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपी
- नेपाली नागरिकताको प्रतिलिपी
- लालपूर्जाको प्रतिलिपि
- लिजमा लिएको जमीन भएमा लिज कागज र सो जमीनको लालपूर्जा
- गाउँपालिकालाई बुझाउनु पर्ने सबै प्रकारका राजश्व बुझाएको भौचरको प्रतिलिपी
- कृषक समूह / सहकारीको हकमा कार्यक्रम संचालन गर्ने निर्णयको प्रतिलिपी
- अन्य आवश्यक कागजातहरू ( गाउँपालिकाको आवश्यकता अनुसार)

निवेदन र संक्षिप्त कार्ययोजनाको ढाँचा यस पालिकाबाट वा सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

अन्य थप जानकारीका लागि सम्पर्क नं .............. मा सम्पर्क गर्न अनुरोध छ।

अनुसूची: २

कार्यक्रम मागका लागि निवेदन पत्र

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

गुराँस गाउँकार्यपालिकाको कार्यालय,

रानीमत्ता, दैलेख ।

बिषयः-.......... कार्यक्रम उपलब्ध गराइदिने बारे ।

महोदय,

यस गुराँस गाउँपालिकाको मिति २० .../... /... गतेको प्रकाशित सुचाना अनुसार यस समूह "समितिले फार्म स्थापना साझेदारी कार्यक्रम (....................................... ) संचालन गर्न निम्नानुसार कागजात सहित निवेदन पेश गरेका छौ । कार्यक्रम सञ्चालनको लागि प्राप्त रकमको सदुपयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछौ ।

**<u>संलग्न कागजातहरू</u>**

१ कृषक समूह/सहकारी /निजी फर्मको दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी ,

२ कृषक समूह/सहकारी/निजी फर्मले कार्यक्रम संञ्चालन गर्ने निर्णयको प्रतिलिपी,

३ कृषक समूह/सहकारी /निजी संस्थाका सदस्यको नामावली,

४ निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपि ।

५ PAN को प्रमाण पत्रको प्रतिलिपि, करचुक्ता प्रमाण पत्र र गाउँपालिकालाई कर बुझाएको भौचरको प्रतिलिपी ।

६ कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा /जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ बर्षको सम्झौता ।

७ स्वःघोषणा पत्र

८. निवेदन/प्रस्तावना पत्र

९ स्व-लगानी गर्ने प्रतिवद्धता पत्र ।

१० सम्बन्धित वडा कार्यालयको सिफारिस अन्य कागजातहरू गुराँस गाउँपालिका कृषि विकास शाखालाई

आवश्यक परे अनुसार समावेश गर्नु पर्ने।

अनुसूची: ३

(संक्षिप्त कार्ययोजनाको ढाँचा )

१. व्यवसायको परिचय

२. कार्यक्रम सुरू हुने मितिः

३. कार्यक्रम सम्पन्न हुने मिति

४. लक्षित वर्ग र संभावित रोजगारीको विवरण

५. व्यवसाय अधारभुत विवरण

| क.स. | संचालित व्यावसायबाट उत्पादन हुने मुख्य मुख्य वस्तु | उत्पादन हुने वार्षिक परिमाण | वार्षिक कारोवार रकम | व्यावसायबाट सिर्जित रोजगार |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

६. सञ्चालन गरिने क्रियाकलापको विवरण

| क.स | क्रियाकलाप | ईकाइ | परिमाण |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

अनुसूची: ४

गुराँस गाउँपालिका

कृषि विकास शाखा

रानीमत्ता, दैलेख

प्रस्ताव आह्वानका लागि छनौटका आधारहरू/ मूल्यांकन गर्ने आधारहरू )

१. स्थानको उपयुक्तता ( सामाजिक , भौगोलिक एंव वातावरणीय दृष्टिकोणले सम्भाव्यता ) ............. अंक

२. पूर्वाधार विकास एंव विकासका सम्भावनाहरू ......................... अंक

३. हाल संचालित कार्यक्रम एंव कृयाकलापहरूको अवस्था एंव अवसरहरू

- आवेदक कृषक वा समूह /सहकारी सदस्यले सम्बन्धित क्षेत्रमा आवद्धता भएमा ................ अंक
- बजार तथा बजारिकरणको सहजता ............ अंक

४. कार्यक्रमको लागि आवश्यक योग्यता, तालिम एंव अनुभव भएमा

- विगत २ वर्ष देखि सम्बन्धित व्यवसाय (दर्तावाल) गरिरहेको भए ................. अंक
- २ वर्षभन्दा कम भए ............. अंक

५. पेश गरेको संक्षीप्त कार्ययोजना र कार्ययोजनामा प्रस्ताव गरेको सहकार्य विवरण भए ............ अंक

६. जैविक सुरक्षा तथा वातावरणीय अवस्था ............. अंक

७. कृषक समूह/ सहकारी/ निजी फर्ममा रहेका एकल महिला, दलित, जनजाती तथा सीमान्तकृत कृषकहरू, विदेशबाट फर्किएका युवाहरू.................. अंक

आज्ञाले,

ओम प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत